लालीगुरांस नगरपालिका कार्यालय बसन्तपुर, तेह्रथुमको दाश्रो नगरपरिषदबाट पारित आ.व. ०७४/०७५ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सार्वजनिकीकरण मन्तव्य समारोह ।

प्रमुख अतिथि ज्यु, विशेष अतिथि ज्यु, नगर स्तरीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्युहरु, विभिन्न कार्यालय, संघ संस्थाबाट प्रतिनिधित्व गर्नु हुने प्रमुख एवं प्रतिनिधि ज्यूहरु, नगरपालिका एकिकृत योजना तर्जुमा समितिका पदाधिकारीज्युहरु, नगरपालिका विषयगत समितिका पदाधिकारीज्युहरु, नगरपालिका सुपरीवेक्षण तथा अनुगमन समितिका पदाधिकारी ज्युहरु, विभिन्न गैह्र सरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्युहरु, संचारकर्मी मित्रहरु तथा आमन्त्रीत समाजसेवी, बुद्धिजिवि, वडा नागरिक मंच, टोल विकास संस्थाका पदाधिकारी ज्युहरु नगरपालिका कार्यालयका कर्मचारी मित्रहरु लगायत रेडियो तीनजुरे मार्फत प्रत्यक्ष प्रसारण सुनि रहनु भएका सम्पुर्ण नगरवासीहरु ।

आफ्नो कार्य व्स्तताका बाबजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरि उपस्थित भई दिनु हुने सम्पुर्ण महानुभावहरु प्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दै यस कार्यक्रममा हार्दिक स्वागत गर्न चाहन्छु ।

उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु तथा नगरवासीहरु :

लालीगुरांस नगरपालिका स्थापना पछिको दोश्रो नगरपरिषदद्धारा पारित आ.व. ०७४/०७५ को बजेट, नीति तथा कार्यक्रमहरु यहांहरु माफ प्रस्तुत् गर्न पाउदा हर्ष र गौरवको अनुभुति महसुस भएको छ । यस समयमा म विभिन्न समयमा यो देशको राजनीतिक तथा सामाजिक परिवर्तनको लागि आफ्नो अमुल्य जीवन आहुति दिनु हुने महान शहिदहरुको संझना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु साथै हाम्रो देशको राष्ट्रिय गानको स्मरण गर्न गराउन चाहन्छु ।

कोशि अन्चल, तेह्रथुम जिल्लाको पश्चिममा अवस्थित संखुवासभा र धनकुटा जिल्लाको संगम स्थलमा रहेको प्राकृतिक तथा भौगोलिक अवस्थितिको दृष्टिले अति रमणीय पर्यटकीय स्थलको रुपमा परिचित साविकका बसन्तपुर, फुलेक, सोल्मा, सुङ्नाम र दांगपा गा.वि.स. मिलाई नेपाल सरकारकोबाट मिति २०७२ असोज १ गते घोषणा भए अनुसार यस लालीगुरांस नगरपालिकाको सञ्चालन र व्यवस्थित गरिएको छ । यो नगरपालिका मध्य पहाडी लोक मार्ग र कोशि राजमार्गको संगम स्थल हुनुका साथै नेपाल सरकारबाट घोषित मध्य पहाडी लोकमार्ग अन्तरर्गतका १० वटा नयां शहर मध्येको एक शहर हो तथा संखुवासभा, ताप्लेजुङ्ग, तेह्रथुम जिल्लाको तराई संगको प्रवेशद्धार हो । यस नगरपालिकाको नामाकरण, भौगोलिक अवस्थित, लगायत दीर्घकालीन सोच, लक्ष्य, उद्धेश्य एवम् कार्यहरु तल उल्लेख गरिएको छ ।

यस नगरपालिकामा समाहित भएका पांच वटा गा.वि.स.हरुको उत्तर पश्चिम तर्फका डांडामा फाल्गुण चैत्र महिनामा फुल्ने लालिगुरांस तथा तीनजुरे, मिल्के र जलजलेलाई लालीगुरांसको राजधानी तोकी संरक्षण भई आएको हुंदा सोही अनुरुप नगरपालिकाको नामाकरण भएको ।

- अक्षांश: २७ ०४' ३३" देखी २७ १०' ५९" उत्तरसम्म, देशान्तर : ८७ २३' ४४" देखी ८७ ३०' ५९" पूर्वसम्म

---

- सिमाना: पूर्व-म्याङलुङ्ग नगरपालिका, तेह्रथुम, पश्चिम-मारेक कटहरे गा.वि.स., धनकुटा, उत्तर-तामाफोक गा.वि.स. र मादी नगरपालिका संखुवासभा, दक्षिण-आङदिम र हमरजुङ गा.वि.स., तेह्रथुम
- उचाई : समुद्र सतहबाट ५७८ देखि ३०३४ मिटर सम्म, क्षेत्रफल: ९०.२७ वर्ग कि.मि., लम्बाई : सरदर २५ कि.मि., हावापानी : शुष्क तथा उष्ण, आर्द्र तथा समशिताष्ण र आर्द्र तथा शीत ।तापक्रम : -१०̊ देखि ३०̊ सम्म

"लालीगुरांस नगरपालिकाको सपना साकार, स्वच्छ र सुन्दर पर्यटन विकास समृद्धिको आधार"

पर्यटन, जल, जंगल, कृषि, खानी र शिक्षा को विकास गर्दै उच्च जीवनस्तर सहितको समृद्ध नगर निर्माण गर्नु नगरपालिकाको दीर्घकालीन सोच हुनेछ । प्रजातान्त्रिक प्रक्रियाको विकास गर्दै पारदर्शि व्यवहार, जनउत्तरदायित्वबोध र जनताको सहभागितामा आधारित उच्च, गुणस्तरीय र समुन्नत नागरिक समाजको स्थापना गर्ने यस नगरपालिकाको दीर्घकालीन लक्ष्य रहेको छ । नगरपालिका कार्यालयको उदेश्य सार्भभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपयोग गर्नसक्ने व्यवस्था गर्ने । आफ्नो क्षेत्र विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दिृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने । योजनाहरुको तर्जुमा संचालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानिय स्तरमा नै प्रदान गरि जवाफदेही बहन गर्नसक्ने स्थानिय निकायहरुको संस्थागत बिकास गर्ने । स्थानिय नेतृत्वको विकास गरि जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरुमा निर्णय गर्नसक्ने गरि स्थानिय

स्वायत्त शासन पद्धतिको बिकास गर्ने । नगरपालिका विकासको दीगो आधार आन्तरीक श्रोत रहेको सत्यलाई मनन् गरि करका दायरा फराकिलो पार्ने तथा राजश्व सम्भाव्यता अध्ययनलाई प्रथमिकता दिई वैज्ञानिक कर नीति अवलम्वन गरि लागु गर्ने रहेको छ । उल्लेखित कार्य सम्पादनको सिलसिलामा सवै पक्षको सहयोगको अपेक्षा गरेको छु भने हाल सम्मको सहयोगको लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

विद्यमान चुनौतिहरुः

विकट भौगोलिक अवश्था, न्युन आन्तरीक आय तथा जनशक्ति, जननिर्वाचित प्रतिनिधित्व नहुनु, अत्याधिक आवश्यक्ता तथा मांग हुनु, भवन निर्माण तथा फोहोरमैला व्यवस्थापनको लागि नगरपालिका कार्यालयको नाममा जग्गा नहुनु, नगरमा हुन पर्ने न्युनतम पुर्वाधार निर्माण गरि सम्पुर्ण नगरबासीलाई हामी नगरबासी हौ भन्ने सन्तुष्टि दिलाउनु मुख्य चुनौतिको रुपमा रहेका छन ।

प्राप्त उपलब्धिहरु :

सेवाग्रहीको दैनिक सेवा प्रवाहको लागि नगरपालिका कार्यालय तथा संयुक्त वडा कार्यालयबाट व्यवस्थित गरिएको । बारुण यन्त्रको व्यवस्थापन भएको । स्काभेटर र फोहोर प्रशोधन केन्द्रको लागि जग्गा खरिदको लागि कार्यक्रम स्वीकृत भै चालु आ.व. भित्रै काम सम्पन्न हुने प्रवन्ध मिलाएको । कार्यालयको सवारी साधन चालु आ.व. भित्रै प्राप्त हुने सुनिश्चित भएको । फ्रि वाईफाई जाडानको कार्य सुरु भएको । सौर्य सडक बत्तिको कार्यक्रम स्वीकृत भै केही क्षेत्रमा चालु आ.व. भित्रै सम्पन्न हुने सुनिश्चित भएको । नगरपालिका स्थापना पछिको छोटो समयमा एकीकृत सम्पति कर लगायत अन्य कर दस्तुर पारदर्शि ढंगमा सफ्टवेयर प्रणालीबाट लिने व्यवस्था गरेको नगरपालिका संचालनको छोटा समयमा नै कार्यालयको भौतिक तथा मेशिनरी साधनहरुको उचित व्यवस्था भएको । नगरबासीहरुले घरबाटोको मापदण्ड देखि योजना संचालन प्रक्रियाका वारेमा नियमानुसार थप अभ्यास तथा जानकारी प्राप्त गरेको ।

अवसरहरु :

नयां संरचनामा नगरपालिका कायम रहनु । मध्यपहाडी लोकमार्ग अन्तरगतका १० वटा नयां शहर मध्येमा पर्नु, नगदेवाली तथा पर्यटनमैत्री भुवनोट तथा हावापानि हुनु, स्थानिय निर्वाचन हुने अवश्था हुनु, सकारात्मक राजनीतिक नेतृत्व रहनु, साझेदारीमा काम गर्ने परिपाटी

अब म चालु आ.व. ०७३।७४ को संशोधित तथा आगामी आ.व. ०७४।७५ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत् गर्न अनुमति चाहन्छु ।

## ४. नगर विकास योजनाका प्रमुख नीति, मार्गदर्शन तथा कार्यक्रमहरु

### ४.१ भौतिक पुर्वाधार विकास नीति

थुप्रै स-साना सडकहरुमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदै महत्वपुर्ण मानिएका र जिल्ला सडक गुरुयोजनामा परेका जिल्ला गौरवका आयोजनालाई प्राथमिकताका साथ रकम विनियोजन गर्ने नीति लिइएको छ । ग्रामिण सडक सञ्जाल निर्माण तथा सिचाई आयोजनाहरु छनोट गर्दा कृषि पकेट क्षेत्रलाई आधार लिइकोछ । मर्मत संभार कोषको उचित व्यवस्थापन गरिएकोछ । प्रत्येक सडकका लागि विनियोजित रकमको ५% रकम कट्टा गरि उक्त कोषमा जम्मा गरिनेछ । साझेदारीमा मर्मत संभार कार्य संचालन गरिनेछ । नगर यातायात गुरुयोजना तयार गरि कार्यान्वयनमा ल्याइनेछ । अपाङ्गमैत्री संरचनामा जोड दिइनेछ ।

### ४.२ खाने पानी तथा सरसफाई

खानेपानी तथा सरसफाईको कठिनता मापन गरि खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु संचालन गरिनेछ । खानेपानी तथा सरसफाई सम्बन्धी रणनीति बनाई परिषदबाट स्वीकृत गरि लागु गरिनेछ । उक्त लक्ष्यलाई मुर्तरुप दिन सरकारी, गैरसरकारी, निजी क्षेत्र, नागरिक समाज, संचारकर्मी समेतको सहयोग र सहकार्यमा यस कार्यलाई अभियानको रुपमा अगाडि बढाउने नीति लिइने छ । खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम संचालन गर्दा जिल्ला खानेपानी स्वच्छता तथा सरसफाई रणनीतिलाई अवलम्बन गरिनेछ । POST ODF कार्यक्रम संचालन गरिनेछ । सरसफाई बानी व्यवाहार परिवर्तन गर्न स्थानीय निकायको अगुवाइमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

### ४.३ विपद व्यवस्थापन तथा भु-संरक्षण

प्रकोपबाट नगरबासीको सुरक्षाको लागि समयमा प्रकोप सुचना प्रबाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कार्यक्रम संचालन गरिनेछ । साथै सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ । जिल्लाको विपद पुर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि

आवश्यक बजेटको व्यवस्था गरिनेछ । जिल्ला आपतकालिन उद्धार केन्द्र (DEOC) लाई आवश्यक सहयोग पुऱ्याइनेछ । डुवान, कटान तथा भु-क्षय नियन्त्रणको लागि कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

४.४ विद्युत तथा बैकल्पिक उर्जा

नगरलाई उज्यालो सहर बनाउन उर्जाको प्रयोग गर्ने नीतिलाई विभिन्न गै.स.स.को सहयोगमा कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ । बैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको व्यवस्थापन गरिनेछ ।

४.५ शिक्षा

प्राथमिक उमेर समुहका सम्पुर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन सामाजिक परिचालक मार्फत प्रोत्साहन गरि साक्षरता प्रतिशतमा सुधार गरिनेछ । राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमुलक बनाउन जिल्ला शिक्षा कार्यालय, शिक्षा क्षेत्रमा क्रियाशिल गै.स.स.हरुसँग सहकार्य र समन्वय गर्दै अनुगमन, मुल्याङ्कन पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याइनेछ । नगरमा खेलकुद विकास कोष खडा गरि खेलकुद विकासमा जोड दिइनेछ । नगर खेलकुद विकास समिति मार्फत खेलकुदमा सहयोग गरिनेछ । सामुदायिक विद्यालयहरुमा भौतिक पुर्वाधार विकास तथा स्तरोन्नतिको लागि विकास साझेदारहरुसँग समन्वय गरि श्रोतको व्यवस्थापन गरिनेछ ।

४.६ स्वास्थ्य

नगरको स्वास्थ्य संस्था तथा प्राथमिक स्वास्थ्य केन्द्र साथै स्वास्थ्य चौकिहरुमा क्रमश चौविसै घण्टा प्रसुती सेवा संचालनको लागि जिल्ला स्वास्थ्य कार्यालय मार्फत आवश्यक साधन श्रोतको व्यवस्थाको लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गरिनेछ । HIV/AIDS नियन्त्रणको लागि यस क्षेत्रमा क्रियाशिल संघसंस्थाहरु बिचको समन्वयलाई सुदृढ तुल्याइनेछ । नगरको पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ । आयुर्वेद चिकित्सा प्रणालीको विकासको लागि सहयोग पुऱ्याइनेछ ।

४.७ वन, वातावरण तथा जलवायु परिवर्तन

सडक निर्माण गर्दा दुवैतर्फ वृक्षारोपण गर्ने नीति लिइनेछ तथा Environment Management Plan (EMP) बनाई कार्यान्वयन गरिनेछ । वृक्षारोपण तथा भु-संरक्षण कार्य गर्दा साझेदारीमा गर्ने नीति लिइनेछ । जलवायु परिवर्तनबाट नगरमा पर्नसक्ने प्रभाव न्युनिकरण गर्न सरोकारवाला निकाय, गैसस तथा विकास साझेदार सँग समन्वय र सहकार्य गरि स्थानीय जलवायु परिवर्तन अनुकुल कार्ययोजना तर्जूमा गरि कार्यान्वयनमा ल्याइनेछ । वातावरण मैत्री विकास पुर्वाधार निर्माणमा जोड दिइनेछ । हरीत शहरको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रबर्द्धनमा जोड दिइनेछ ।

४.८ कृषि तथा पशु

निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्ने नीति लिइनेछ । उन्नत खालका पशुपालनमा प्रोत्साहित गरिनेछ । सामुहिक खेतिलाई प्रोत्साहित गरिनेछ । यसलाई उत्पादकत्व बृद्धिको आधार बनाइनेछ । सार्बजनिक निजी साझेदारीमा नगरको मध्य क्षेत्रमा शीत भण्डार स्थापना गर्न पहल गरिनेछ । कृषि पकेट क्षेत्रलाई आधार लिई एकिकृत रुपमा सुविधा विस्तार गरि नगरको उत्पादन र उत्तपादकत्व वृद्धि गर्न जिल्ला कृषि विकास कार्यालय मार्फत कार्यक्रम संचालन गरिनेछ ।

४.९ व्यवस्थित बस्ती बिकास

समुदायको अग्रसरतामा वस्ती विकासलाई प्रोत्साहित गरिनेछ । समुदायको अग्रसरतामा वस्ती विकास गर्न प्राविधिक तथा आर्थिक सहयोग प्रदान गरिनेछ । एकिकृत वस्ति विकास योजना निर्माण गरि लागु गरिने छ ।

४.१० पर्यटन

पर्यटन प्रबर्द्धनको लागि नगरमा प्रमुख पर्यटकिय स्थलहरुको पुर्वाधार विकास गरिनेछ । होम स्टे व्यवसायलाई प्रवर्द्धन तथा प्रोत्साहन गरिने छ । नगरपालिकालाई प्रमुख पर्यटन गन्तव्य स्थानको रुपमा विकास गर्ने नीति तय गरि कार्यान्वयन गरिनेछ ।

४.११ सुशासन तथा संस्थागत विकास

नगरपालिका कार्यालयबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको बडापत्र तयार गरिएकोछ । नगरमा संचालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण, बुलेटीन प्रकाशन आदि मार्फत सुशासनमा जोड दिइनेछ ।

४.१२ लक्षितवर्ग तथा समाबेशीकरण

लक्षित वर्ग तथा समाबेशीकरण तर्फ सामाजिक परिचालनको माध्यमद्धारा लक्षित समुदायलाई सशक्तिकरण गरि मांगमा आधारित कार्यक्रम अझ प्रभावकारी रुपमा संचालन गरिनेछ । बालश्रम उन्मुलन तथा बाल अधिकार सँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडि बढाइनेछ । जेष्ठ नागरिकको सम्मान कार्यक्रम आयोजना गरिनेछ ।

४.१३ मानव संशाधन विकास

नगरमा संचालन हुने कार्यक्रमहरुमा प्रभावकारिता ल्याउन गैसस डेस्क सुदृढीकरण गरि नगरको विकास निर्माणमा गैससको भुमिका थप प्रभाबकारी बनाउने कार्य गरिनेछ । यसको लागि गैसस सँगको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ । जनतामा प्रबाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सो कार्यमा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ ।

४.१४ सहकारी, गरिवी न्युनिकरण तथा उद्यमशीलता विकास

विपन्न लक्षित समुहका लागि आयमुलक तथा सीपमुलक कार्यक्रम समेतको समन्वय र साझेदारीमा सञ्चालन गरिनेछ । सहभागिताको माध्यमबाट ग्रामिण गरिबी न्युनिकरण एबं सामाजिक पुँजी निर्माणमा जोड दिइनेछ । गरिबी निवारण कोष को विभिन्न सामुदायिक संस्थामा रहेको रकम सहकारीकरण गरि आयमुलक कार्यक्रममा उक्त रकम परिचालन गर्न पहल गरिनेछ । लघु उद्यमको विकासको माध्यमबाट गरिबी निवारण गर्न चालू आ.ब देखि गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम र उद्योग वाणिज्य संघ मार्फत संचालित लघु उद्यम कार्यक्रम संचालनमा जोड दिइनेछ

४.१५ अन्य नीतिहरु

आवधिक योजना निर्माण गरि लागु गरिने छ । नगर यातायात गुरुयोजना निर्माण गरि लागु गरिने छ । पर्यटन नीती निर्माण गरि लागु गरिने छ । घर नक्सापास मापदण्ड तथा नक्सापास कार्यविधि निर्माण गरि परिषदबाट स्वीकृत गराई २०७२।१०।१ देखि लागु गरिएको छ साथै परिषदबाट स्वीकृत टोल विकास संस्था गठन, संचालन तथा व्यवस्थापन कार्यविधि मिति २०७२।१०।१ देखि लागु गरिएको छ । उर्जा तथा वायो ग्यांस योजना निर्माण गरि व्यवस्थापन गरिने छ । नगरको भुउपयोग नीति निर्माण गरि कार्यान्वयनमा ल्याईने छ । दमकल संचालन कार्यविधि तथा स्काभेटर कार्यविधि परिषदबाट स्वीकृत गरि आजकै मितिबाट लागु गरिएको छ ।

आ.व. ०७२/०७३ मा नगरपालिका कार्यालयको कुल अनुमानित वजेट रु. २,७२,४५,६४०। अनुमान गरिएकोमा रु. ३,०९,७३,१२१।८६ प्राप्त भएको व्यहोरा जानकारी गराउन चाहन्छु । जसमा शिर्षकगत आय तर्फ आन्तरीक आय रु. १२,८७,२१८।७५, अघिल्लो वर्षको अल्या रु.३,१५,१०९।४८ रजिष्ट्रेशन दस्तुर प्राप्त रु. ७,३६,९८८। नेपाल सरकार अनुदान पुंजिगत रु. ३२,०५,०००। स्थानिय विकास शुल्क कोष रु. ..... नेपाल सरकार अनुदान चालु रु. २१,५३,३३६। जि.वि.स. अनुदान रु. १,३२,१४,१५९।५१ बैदेशिक श्रोत स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु. १०,००,०००। सामाजिक सुरक्षा भत्ता तर्फ रु. ७७,२०,०००। सडकबोर्ड नेपालबाट रु. .......... अन्य निकाय अनुदान रु............ साझेदारी वापत रु १६,५६,४१९।६० प्राप्त भएकोमा आन्तरीक तर्फ रु. ४,३७,७२२।२८ नेपाल सरकार चालु तर्फ रु. २१,५३,३३६। नगद लागत सहभागिता सहित पुंजिगत खर्च तर्फ रु. २,०७,३१,७४६।६६ बैदेशिक श्रोत स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु. १०,००,०००। र सामाजिक सुरक्षा भत्ता तर्फ रु. ७७,२०,०००। खर्च भएको जानकारी गराउदछु ।

अब म चालु आ.व. को संशोधित तथा आगामि आ.व. को प्रस्तावित आय व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु :

चालु आ.व. ०७३/०७४ मा नगरपालिका कार्यालयको आन्तरीक आय, नेपाल सरकारबाट पूंजिगत शिर्षकमा प्राप्त हुने अनुदान रकम र सामाजिक सुरक्षा भत्ता गरि कुल रु. ९,४०,७८,२००। प्रस्ताव गरिएको छ । जसमा रु. ५९,००,०००। (... प्रतिशत) चालु खर्च र रु. ३,३५,७२,०००। (...प्रतिशत) पुंजिगत खर्च, ठुला पुर्वाधार तर्फ रु ९२,१६,०००। सामाजिक सुरक्षा भत्ता तर्फ रु. २,३६,८३,२००।, सडक बोर्ड नेपाल तर्फ रु ४५,००,०००।, नगरक्षेत्र पुर्वाधार विकास रु १,४१,९५,०००।, बैदेशिक श्रोत स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु. ३०,१२,०००। संशोधित अनुमान गरि खर्च विनियोजन पेश गरीएको छ । यसै गरि आगामी आ.व. ०७४/०७५ मा नगरपालिका कार्यालयको आन्तरीक आय, नेपाल सरकार पुंजिगत अनुदान शिर्षकमा प्राप्त हुने अनुदान रकम र सामाजिक सुरक्षा भत्ता तर्फ गरि कुल रु. ८,६२,६८,२००। प्रस्ताव गरिएको छ । जसमा चालु खर्च तर्फ रु. ६०,९०,०००। (... प्रतिशत), पुजिगत खर्च तर्फ रु. २,९१,६७,०००। (... प्रतिशत), सडक बोर्ड नेपाल रु ४५,००,०००।, ठुला पुर्वाधार तर्फ रु १,००,००,०००।, नगर क्षेत्र पुर्वाधार विकास

तर्फ रु ९१,०६,०००। बैदेशिक श्रोत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु. ३०,१२,०००। र सामाजिक सुरक्षा भत्ता तर्फ रु. २,४३,९३,२००। प्राप्त हुने अनुमान गरि विनियोजन गरीएको छ ।

अन्तमा आ.व.०७४/७५ को नगर विकास योजना तर्जुमाको प्रकृयामा सक्रिय सहभागिता जनाउनु हुने राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्युहरु , नगर स्तरीय विभिन्न संजालका पदाधिकारी, विभिन्न विषयगत समितिका पदाधिकारी, सामाजिक परिचालक एवं विभिन्न वडा नागरिक मंचका पदाधिकारी, पूर्व जनप्रतिनिधि, उद्योग वाणिज्य संघका पदाधिकारी, समाज सेवी एवं बुद्धिजिवि, पत्रकार, ज्येष्ठ नागरिक, बाल क्लब संजालका पदाधिकारी तथा नगरपालिका कार्यालयका कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरु प्रति आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु । पारित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका क्रममा सम्पूर्ण नगरवासीहरुको सहभागिता, सुझाव, सल्लाह एवं सहयोगको लागि अपेक्षा गरेको छु ।

धन्यवाद

मणिराम खतिवडा
कार्यकारी अधिकृत
मिति :२०७३/०९/२८